annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २५, अंक ५०, पृष्ठ ८ | काठमाडौं, शुक्रबार ५ असार २०८३ | ज्येष्ठ शुक्लपक्ष चतुर्थी नेपाल संवत् ११४६ | FRIDAY, JUNE 19, 2026 | काठमाडौं, इटहरी, बु ... साथ प्रकाशित | मूल्य : रु. १०



टिप्पणी


# बालेनको कूटनीतिक परीक्षा: पुरानै जग, नयाँ संस्करण !

वालेन्द्र शाह नेतृत्वको वर्तमान सरकारले परराष्ट्र नीतिमा आमूल परिवर्तनभन्दा पुरानै जगलाई बलियो बनाउँदै 'नीतिगत स्थिरता र संस्थागत निरन्तरता' को बाटो रोजेको छ। संवैधानिक दायराभित्रै रहेर भारत, चीन र अमेरिकासँगको पहिलो चरणको कूटनीतिक संवाद उत्साहजनक भए पनि सरकारको 'हनिमुन अवधि' सकिन लाग्दा ती देशका 'कोर एजेन्डा' लाई व्यावहारिक रूपमा सम्बोधन गर्दै सन्तुलन कायम राख्ने विषय भने आगामी दिनमा चुनौतीपूर्ण देखिन्छ।

**कमलदेव भट्टराई** | *काठमाडौं*

समाचार पृष्ठ २

## अमेरिका–इरानबीच ऐतिहासिक सम्झौता



**पाकिस्तानी प्रधानमन्त्री शहबाज सरिफ इस्लामावादमा अमेरिका–इरान शान्ति सम्झौतामा मध्यस्थकर्ताका रूपमा हस्ताक्षर गरिएको समझदारीपत्र देखाउँदै।**

**एजेन्सीहरू** | *वासिङ्टन*

लामो समयदेखि जारी युद्ध र नाकाबन्दी अन्त्य गर्दै संयुक्त राज्य अमेरिका र इरानबीच ऐतिहासिक सम्झौता भएको छ। पाकिस्तानको मध्यस्थतामा इस्लामावादमा तयार पारिएको सम्झौतामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र इरानी राष्ट्रपति मसुद पेजेस्कियानले इलेक्ट्रोनिक माध्यमबाट हस्ताक्षर गरेका हुन्। यस सम्झौताले अमेरिका र इजरायलद्वारा इरानविरुद्ध सञ्चालित युद्धलाई औपचारिक रूपमा अन्त्य गर्ने लक्ष्य राखेको छ।

सम्झौतामा सबै मोर्चामा तत्काल सैन्य कारबाही रोक्नुपर्ने सर्त भए तापनि इजरायलले यसलाई अस्वीकार गर्दै लेबनानमा आफ्नो आक्रमण र सैन्य उपस्थिति जारी राखेको छ।

सम्झौताका मुख्य सर्तहरूअन्तर्गत इरानले विश्वकै सबैभन्दा महत्त्वपूर्ण ऊर्जा जलमार्ग 'स्ट्रेट अफ हर्मुज' लाई पुन: खुला गर्नेछ भने अमेरिकाले इरानमाथि लगाउँदै आएको नौसैनिक नाकाबन्दी हटाउनेछ। समझदारी पत्रको दोस्रो अनुच्छेदमा दुवै देशले एकअर्काको सार्वभौमिकता र भौगोलिक अखण्डताको सम्मान गर्ने तथा आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने प्रतिबद्धता जनाएका छन्।

इरानका राष्ट्रपति पेजेस्कियानले सम्झौतालाई 'ऐतिहासिक दस्तावेज' भन्दै जिम्मेवार कूटनीतिको परिणाम भएको बताएका छन्। पूर्वराष्ट्रपति हसन रुहानीले पनि सम्झौताको स्वागत गर्दै यसले क्षेत्रीय सुरक्षा र साझा विकासमा मद्दत पुग्ने उल्लेख गरे। इरानी विज्ञहरूका अनुसार हाल विश्वभर इरानको झन्डै २४ अर्ब डलर बराबरको सम्पत्ति रोक्का छ, जसलाई फुकुवा गर्ने विषयमा अब छलफल हुनेछ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले पाकिस्तानको मध्यस्थतामा भएको यस सम्झौताको स्वागत गर्दै यसले विश्वव्यापी ऊर्जा बजारलाई स्थिर बनाउने र भविष्यका शान्ति सम्झौताका लागि नमुना बन्ने बताए। कतार, इजिप्ट, टर्की र कुवेतका विदेश मन्त्रीहरूले पनि फोनवार्तामार्फत यस कदमको समर्थन गरेका छन्।

सम्झौतालाई पूर्णरूपमा कार्यान्वयन गर्नका लागि आगामी शुक्रबारदेखि स्विट्जरल्यान्डको बुरगेनस्टोक रिसोर्टमा उच्चस्तरीय वार्ता सुरु हुँदैछ। ६० दिने यस वार्ता अवधिमा अमेरिकी उपराष्ट्रपति जेडी भान्स र इरानी संसद्का सभामुख मोहम्मद बगेर गालिबाफबीच प्रत्यक्ष भेटवार्ता हुने सम्भावना छ।

अमेरिकी रक्षा सचिव पिट हेगसेथले नाटो रक्षा मन्त्रीहरूको बैठकपछि कडा चेतावनी दिँदै भनेका छन्, 'यदि इरानले वार्ताको समयतालिका अनुसार आफ्ना प्रतिबद्धताहरू पूरा गरेन भने अमेरिका पुन: सैन्य कारबाही गर्न र इरानमाथि फलामे नाकाबन्दी लगाउन तयार छ।'

### इजरायलको असहमति र लेबनानमाथि भीषण हमला

अमेरिका र इरानबीच सम्झौता भए पनि इजरायलले दक्षिणी लेबनानबाट आफ्ना सैनिकहरू फिर्ता गर्न अस्वीकार गरेको छ। इजरायली सेनाले दक्षिणी लेबनानको १० किलोमिटर भित्रसम्म आफ्ना सेना तैनाथ रहेको नक्सा सार्वजनिक गर्दै 'खतराहरू नहटेसम्म कारबाही जारी रहने' बताएको छ।

बिहीबारमात्र लेबनानको कफर तेब्नित र जेबदिनमा भएका इजरायली ड्रोन आक्रमणमा कम्तीमा ३ जना सर्वसाधारणको मृत्यु भएको छ। गत मार्च २ देखि सुरु भएको यस युद्धमा इजरायली आक्रमणबाट लेबनानमा हालसम्म ३ हजार ९ सयभन्दा बढी मानिस मारिएका छन् भने १० लाखभन्दा बढी विस्थापित भएका छन्। मारिएकामा महिला, बालबालिका र स्वास्थ्यकर्मीसमेत छन्।

» बाँकी पृष्ठ ६

## रास्वपाको नेतृत्व सहमतिमा नै चयन गर्ने तयारी

**अन्नपूर्ण** | *काठमाडौं*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा सहमतिबाटै नेतृत्व चयन गर्ने तयारी भएको छ। असार ७ गतेदेखि ९ गतेसम्म चितवनमा रास्वपाको प्रथम महाधिवेशन हुन गइरहेको छ।

पार्टीको पहिलो महाधिवेशन भएको र बाहिरबाट विभिन्न समूहहरू समायोजन भई पार्टी बनेका कारण सहमतिबाटै नेतृत्व चयन गर्ने शीर्ष नेताहरूको तयारी छ। 'महाधिवेशन अघि केही साथीहरू समायोजन प्रक्रियाबाट आउनु भएको छ। उहाँहरूलाई चुनावमा प्रतिस्पर्धा गरेर आउन सहज नहुन सक्छ,' बिहीबारको सचिवालय बैठकमा सभापति रवि लामिछानेले भनेका थिए, 'त्यसैले सहमतिमा नै नेतृत्व छान्ने वातावरण बनाउनुपर्छ।' यसअघि वरिष्ठ नेता वालेन्द्र शाहको टिमका साथै साझा विवेकशील पार्टी, खगेन्द्र सुनार र लक्ष्मण थारूको समूह रास्वपामा समाहित भएको थियो।

सहमतिअनुसार रवि लामिछाने पुन: सभापतिमा दोहोरिने लगभग निश्चित छ भने वरिष्ठ नेतामा प्रधानमन्त्रीसमेत रहेका वालेन्द्र शाह नै हुनेछन्। बिहीबारको सचिवालय बैठकले 'वरिष्ठ नेता' पदलाई विधानमा समावेश गर्ने र केन्द्रीय समितिको आकार बढाउने निर्णयसमेत गरेको छ। वरिष्ठ नेताको पद थपिएसँगै केन्द्रीय पदाधिकारीको संख्या १९ सदस्यीय हुने भएको छ।



महाधिवेशन अघि केही साथीहरू समायोजन प्रक्रियाबाट आउनुभएको छ। उहाँहरूलाई चुनावमा प्रतिस्पर्धा गरेर आउन सहज नहुन सक्छ।

– **रवि लामिछाने,** सभापति

विधान संशोधन गर्दै रास्वपाले वरिष्ठ नेतासहित १९ सदस्यीय पदाधिकारी बनाउने निर्णय गरेको हो। यसअघि विधान संशोधन गरी एक वरिष्ठ नेता र एक जना सहमहामन्त्री थपेर पदाधिकारी संख्या १९ सदस्यीय बनाउने निर्णय भएको हो। हालसम्म पार्टीमा सभापति १, उपसभापति ३, महामन्त्री २, सहमहामन्त्री ४, कोषाध्यक्ष १, सहकोषाध्यक्ष १, प्रवक्ता १ र सहप्रवक्ता ३ जना हुने व्यवस्था थियो।

उपसभापतिमा १, सहमहामन्त्रीमा १ र सहप्रवक्तामा १ जना महिला अनिवार्य गरिएको छ।

अब नयाँ व्यवस्थाअनुसार सभापति १, वरिष्ठ नेता १, उपसभापति ३, महामन्त्री २, सहमहामन्त्री ५, कोषाध्यक्ष १, सहकोषाध्यक्ष २, प्रवक्ता १ र सहप्रवक्ता ३ जना हुनेछन्। त्यस्तै, १ सय ५१ निर्वाचित सदस्यसहित सातै प्रदेशका सभापतिहरू पदेन सदस्य हुने गरी कुल १ सय ५८ सदस्यीय केन्द्रीय समिति बनाइने भएको छ। यसअघि रास्वपाको केन्द्रीय समितिको संख्या पदेनसहित १ सय २९ सदस्यीय रहेको थियो।

» बाँकी पृष्ठ ६

फिफा विश्वकप २०२६

## मेसी चम्किँदा रोनाल्डो दबाबमा



**विष्णु थापा** | *काठमाडौं*

फिफा विश्वकप २०२६ ले दुई महान हस्ती लियोनल मेसी र क्रिस्टियानो रोनाल्डोलाई विश्व फुटबलको सबैभन्दा ठूलो मञ्चमा फेरि एकपटक आमनेसामने उभ्याएको छ। दुवै खेलाडीका लागि यो सम्भवत: अन्तिम विश्वकप भएकाले उनीहरूको प्रदर्शनमाथि विश्वभरका समर्थक र विश्लेषकहरूले विशेष नजर लगाइरहेका छन्।

विश्वकपको आफ्नो पहिलो खेलमा अर्जेन्टिनाका कप्तान मेसीले आफ्नो जादुमय खेललाई निरन्तरता दिँदा पोर्चुगलका कप्तान रोनाल्डोले भने धेरैको अपेक्षाअनुसार आफूलाई प्रमाणित गर्न सकेनन्। अर्जेन्टिनाले समूह चरणको पहिलो खेलमा अल्जेरियालाई ३-० गोलको प्रभावशाली जित निकाल्दा मेसी एक्लैले ह्याट्रिक पूरा गरेका थिए। ३८ वर्षीय मेसीले विश्वकप इतिहासकै पहिलो ह्याट्रिक मात्र गरेनन्, विश्वकपमा सर्वाधिक १६ गोल गर्ने कीर्तिमान पनि बराबरी गर्न सफल भए। उनी विश्वकपको लगातार ६ संस्करण खेल्न पहिलो पुरुष खेलाडीसमेत बन्न सफल भए।

मेसीको प्रदर्शनले सावित गरेको छ कि उमेर केवल संख्या मात्र हो। खेलको गति, बल नियन्त्रण, आक्रमण, पास र गोल गर्ने क्षमतामा उनी अझै पनि अर्जेन्टिनाका सबैभन्दा भरपर्दो हतियार देखिएका छन्। प्रशिक्षक लियोनल स्कोलोनीले समेत मेसीको प्रभाव र उनका उपलब्धिहरू आश्चर्यको विषय नरहेको प्रतिक्रिया दिएका छन्।

» बाँकी पृष्ठ २